प.सं. : २०७८/०७९
च.नं. : १८६८

मिति: २०७९/०३/२७

हरिवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल

विषय: सूचना प्रकाशन सम्बन्धमा ।

**श्री वडा कार्यालय सबै (११),**
हरिवन नगरपालिका, सर्लाही ।

उपर्युक्त विषय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार, काठमाण्डौको च.नं. ३६३ मिति २०७९/०३/२२ गतेको पत्रसाथ प्राप्त २०७९।०३।२५ गते प्रकाशित **रोजगार सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना** वडा कार्यालयमा टाँस गरी सम्बन्धित सबैमा जानकारी गराउनु हुन अनुरोध छ ।

२०७९/०३/२६

**(गोपाल नाथ श्रेष्ठ)**
शाखा अधिकृत

श्री हरिवन नगरपालिका,
सूचना प्रविधि शाखाः- नगरपालिकाको Website तथा Facebook पेजमा अपलोड गर्नु हुन ।

**नेपाल सरकार**

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

**सिंहदरबार, काठमाडौं**

# रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति :- २०७९/०३/२५)**

७५३ वटै गाउँपालिका/नगरपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धाको माध्यमबाट करारको माध्यमबाट पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले स्थानीय तहले पदपूर्तिको सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र सम्बन्धित स्थानीय तहमा राजस्व बुझाएको रसिद सहित आफूले काम गर्न चाहेको गाउँपालिका तथा नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७९-८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | प्रत्येक गाउँपालिका तथा नगरपालिकामा १/१ जना |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

ग. आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको

२. **दरखास्त दिने स्थान :-** काम गर्न चाहेको सम्बन्धित गाउँ/नगर कार्यपालिकाको कार्यालय

३. **दरखास्त दिने अन्तिम मिति :-** स्थानीय तहले पदपूर्तिको सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

४. **आवेदनको दस्तुर :-** रु.५००/- (पाँच सय मात्र)

५. **छनौटको किसिम :-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

६. **आवेदन साथ संलग्न कागजातहरु :-** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क) नागरिकता

ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र

ग) चारित्रिक प्रमाण पत्र

घ) काम सँग सम्बन्धित अनुभव भए सोको कागजात

ङ) तालिमको प्रमाणपत्र

च) २ प्रति पासपोर्ट फोटो

७. **सेवा सुविधा तथा अन्य :-** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

८. आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np तथा सम्बन्धित स्थानीय तहको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।